**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**भजनी नगरपालिका, कैलाली**

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ३ प्रमाणीकरण मिति :- २०७७/०५/२५

प्रकाशन मिति :- २०७७/११/२५

## भाग - २

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७७

**१ परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सदभाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को बुदा नं. १६ बमोजिमको कार्य गर्न भजनी नगरपालिकाको प्रशासकिय कार्यविधी (नियमित गर्ने) ऐन २०७४ को दफा ४ बमोजिम ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७७, जारी गरिएको छ ।

**२ परिचय-पत्र वितरणका आधार** :

नेपालका संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३ उद्देश्य :** क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि  नै जेष्ठ नागरिकहरुको लगत राख्न ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४ लक्षित वर्ग :** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारको साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५ ज्येष्ठ नागरिकको वर्गीकरण**:

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

**६ परिचय-पत्र वितरणका मापदण्ड** :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई ज्येष्ठ मात्र नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७ ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा:** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचायस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८ परिचय-पत्र वितरण प्रक्रिया**:

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित वडा कार्यालयमा अनुसुची २ बमोजिमको ढाँचामा निवदन दिनु पर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको-पत्र प्रमाणलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी सम्बन्धीत वडा कार्यालयका वडा सचिवको जिम्मेवारी बहन गर्ने अधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफटवेयरमा कम्प्युटराइज गरी सम्बन्धीत वडा कार्यालयमा राखी चौमासिक रूपमा नगरपालिकाको कार्यालयमा प्रतिवेदन बुझाउनु पर्नेछ  र सो लगतको वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा सहित जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन, नागरिकताको प्रतिलिपी सहित सम्बन्धित वडामा निवेदन पेस गर्नुपर्ने छ । निवेदनको ढाँचा अनुसुची ३ बमोजिम हुनेछ

**९ विविध** :

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि थप मापदण्ड र स्पष्टता आवश्यक महसुस गरेमा नगर कार्यपालिकाले आफै निर्धारण गर्न सक्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक अन्य दुविधा भएमा प्रचलित कानुनको अधीनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

(ग) यो निर्देशिका कार्यपालिकाबाट स्विकृत भएपछि तुरुन्त लागु हुनेछ ।

## अनुसूची १

(दफा ७ बमोजिम)

## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा
## भजनी नगरपालिका
## ज्येष्ठ नागरिक परिचय-पत्र

Photo

प.प.नं. : ...................

नाम थरः ..........................................

ना.प्र.न.: .........

ठेगानाः जिल्ला .......................गापा./न.पा.: ..........................

वडा नं.: ........... टोल/गाऊँः ........

उमेरः .......... लिङ्गः ..........

उपलब्ध छुट तथा सुविधाहरुः .................................

पति/पत्नीको नाम : .....................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ................................................

संरक्षको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं.:

...................................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम

...................................................................................................................

कार्यालयको छाप

प्रमाणित गर्ने अधिकृतकोः-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

Bhajani Muncipality

Senior Citizen Identity Card

Photo

Card No. .................................

Name ..........................................

Citizenship No. .............................

Age ............................................. Gender ................................................

Address : Kailali District, Bhajani Muncipality, Word No. ............

Blood Group : .......................

Contact No : .....................................

Available Discount and Services : ............................

Priority in Pubilc Places and Works

कार्यालय को छाप

Approved By :

Signature : ........

Name : .................

Designation : .............

If you found this card please return back it in this Office or in District Police Office .

अनुसुची २
(दफा ८ (क) बमोजिमको)

Photo

श्रीमान वडाध्यक्ष ज्यू
....... नं. वडा कार्यालय
भजनी नगरपालिका                                        मिति : ..........................
सुदुरपश्चिम प्रदेश, कैलाली ।

विषय : ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्बन्धमा जेष्ठ नागरिक सम्बन्धि ऐन २०६३ बमोजिम म ............................... जेष्ठ नागरिक भएको हुँदा नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ तथा भजनी नगरपालिका जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७७ मा व्यवस्था भए बमोजिम सोहि निदेशिकाको अनुसुची २ को ढाँचामा जेष्ठ नागरिक परिचयपत्र उपलब्ध गराई पाउँ भनी तपसिलको व्यक्तिगत अभिलेख विवरण समेत भरी देहायका कागजात सहित पेश गरेको छु ।

१. जेष्ठ नागरिकको व्यक्तिगत विवरण :
क) नाम थर : ..........................................................................
ख) आमा/वुवाको नाम थर : ..........................................................
ग) पति/पत्नीको नाम थर : ......................................................
घ) जन्म मिति :                    ङ) लिङ्ग :                    च) नागरिकता नं. : ........
छ) स्थायी ठेगाना : ............. जिल्ला, .......... न.पा./गा.पा. वडा नं. ... प्रदेश ...........
ज) अस्थायी ठेगाना : ................... जिल्ला, .......... न.पा. वडा नं. ... प्रदेश ...........

२ जेष्ठ नागरिकको स्वास्थ्य सम्बन्धी विवरण
क) रक्त समुह : ...........
ख) विशेष रोग/ दिर्घरोग/शारिरीक अपाङ्गता भए खुलाउने : .........................................

३. ज्येष्ठ नागरिकको पारिवारिक विवरण :
क) जम्मा सन्तति संख्या : ............. अ) छोरा संख्या ........... आ) छोरी संख्या .........
ख) परिवारका सदस्य सम्बन्धी विवरण :(छोरा, बुहारी, छोरी मध्ये सगोलको सदस्यलाई प्राथमिकताक्रम अनुसार राख्ने)

| क.सं. | नाम थर | उमेर | नाता | व्यवसाय | ठेगाना | सगोलको बसेको | छुटिई भिन्न बसेको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

घ) अन्य पारिवारिक पृष्ठभुमि :
ङ) हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :

४. ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता :क) शैक्षिक योग्यता : .........................
ख) पेशागत दक्षता : ...............                    ग) अनुभवको क्षेत्र ..........................

५. जेष्ठ नागरिकको सम्पती विवरण : क) चल सम्पती : ............
ख) अचल सम्पती : .........................................

६. सम्पर्क गर्ने व्यक्तिको नाम थर ................................................ मोवाईन नं. ..................

७. पेश गरेका कागजातहरु : क) नागरिकताको प्रतिलिपी
ख) बाह्य जिल्लाको नागरिकताको प्रमाणपत्र भएको हकमा बसाई सराई प्रमाणपत्रको प्रतिलिपी

निवेदक :
नाम थर :
दस्तखत :

अनुसुची ३
(दफा ८ (ङ) बमोजिम)

Photo

श्रीमान वडाध्यक्ष ज्यू
....... नं. वडा कार्यालय
भजनी नगरपालिका
सुदुरपश्चिम प्रदेश, कैलाली ।

मिति : ..........................

विषय : ज्येष्ठ नागरिक परिचयपत्रको प्रतिलिपी उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्बन्धमा मेरो मिति .................. मा बनाईएको जेष्ठ नागरिक परिचयपत्र हराएको/च्यातिएको/............... ले सो परिचयपत्र उपलब्ध गराउनका लागी ............. प्रहरी कार्यालयको सिफारिस पत्र सहित तपसिलको व्यक्तिगत अभिलेख विवरण समेत भरी यस कार्यालयमा पेश गर्दछु ।

१. जेष्ठ नागरिकको व्यक्तिगत विवरण :
क) नाम थर : ...........................................................................
ख) आमा/वुवाको नाम थर : ..........................................................
ग) पति/पत्नीको नाम थर : .......................................................
घ) जन्म मिति : ङ) लिङ्ग : च) नागरिकता नं. : ........
छ) परिचयपत्र नं. : .........
ज) ठेगाना : ............ जिल्ला, .......... न.पा./गा.पा. वडा नं. ... प्रदेश ...........

२. अन्य पारिवारिक पृष्ठभुमि :
सम्पर्क गर्ने व्यक्तिको नाम थर ................................................ मोवाईन नं. ..................

३. पेश गरेका कागजातहरु : क) नागरिकताको प्रतिलिपी

निवेदक :
नाम थर :
दस्तखत :

**आज्ञाले**
**प्रमुख प्रशासकिय अधिकृत**